जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक १५ २०७९ साल मंसिर ४ गते आइतवार (20 Nov 2022 Sunday) मूल्य रु. ७/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** 'आमनिर्वाचनको सम्पूर्ण ... **पृष्ठ ३ मा :** निर्वाचनमा गठबन्धन : विचारको ... **पृष्ठ ४ मा :** एक्सबीबी सबभेरियन्ट पुष्टि ... **पृष्ठ ५ मा :** निर्वाचनमा खटिने कर्मचारी ...

# निर्वाचनको तयारी पुरा, चार लाख १८ हजार ३ सय ७४ मतदाताले १२ जनालाई छान्दै




**राजविराज**/मंसिर ४ गते आज हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि सप्तरीमा ४ लाख १८ हजार ३ सय ७४ मतदाताले मतदान गर्दैछन्।

जिल्ला निर्वाचन कार्यालय सप्तरीका अनुसार जिल्लामा २ लाख १७ हजार २ सय ८२ पुरुष, २ लाख १ हजार ७१ महिला र २१ जना अन्य गरि ४ लाख १८ हजार ३ सय ७४ मतदाता रहेका छन्।

निर्वाचन कार्यालयका प्रमुख रमेशकुमार जोशीले जिल्लाका १८ वटै स्थानिय तह मध्ये सबै भन्दा बढी राजविराज नगरपालिकामा २१ हजार ६ सय ८० पुरुष, १९ हजार ४ महिला र २ अन्य गरि ४० हजार ६ सय ८६ तथा सबै भन्दा कम बलान बिहुल गाउँपालिकामा ७ हजार ६ सय ८९ पुरुष, ६ हजार ८ सय ९ महिला गरि १४ हजार ४ सय ९८ मतदाता रहेको जानकारी दिएका छन्।

यस्तै अग्निसाइर कृष्णासवरण गाउँपालिकामा ९ हजार ३ सय ३५ पुरुष, ९ हजार ५ सय ५२ महिला र ४ अन्य गरि १८ हजार ८ सय ९१, कंचनरुप नगरपालिकामा १८ हजार २ सय ९४ पुरुष, १७ हजार ८ सय ३६ महिला र ४ अन्य गरि ३६ हजार १ सय ३४, खडक नगरपालिकामा १५ हजार ८ सय ३६ पुरुष, १६ हजार १ सय ५७ महिला र ४ अन्य गरि ३१ हजार ९ सय ९७, छिन्नमस्ता गाउँपालिकामा ९ हजार ६ सय ८५ पुरुष, ८ हजार २ सय ३३ महिला गरि १७ हजार ९ सय १८, डाक्नेश्वरी नगरपालिकामा १५ हजार १ सय ८९ पुरुष, १३ हजार ५ सय २८ महिला गरि २८ हजार ७ सय १७ तथा तिरहुत गाउँपालिकामा ७ हजार ७ सय ९७ पुरुष, ६ हजार ९ सय ७४ महिला गरि १४ हजार ७ सय ७१ मतदाता रहेका छन्।

यसैगरि जिल्लाकै तिलाठी कोइलाडी गाउँपालिकामा १० हजार ६ सय ४३ पुरुष, ९ हजार १ सय २५ महिला गरि १९ हजार ७ सय ६८, बोदेबरसाइन नगरपालिकामा १४ हजार ९ सय ५३ पुरुष, १३ हजार ७ सय ५२ महिला गरि २८ हजार ७ सय ५, महादेवा गाउँपालिकामा ९ हजार २९ पुरुष, ७ हजार ९ सय ९३ महिला गरि १७ हजार २२, राजगढ गाउँपालिकामा ९ हजार ९ सय ६४ पुरुष, ८ हजार ६ सय ६४ महिला गरि १८ हजार ६ सय २८, रुपनी गाउँपालिकामा ९ हजार ५ सय ७७ पुरुष, ८ हजार ७ सय ९ महिला र एक अन्य गरि १८ हजार २ सय ८७, विष्णुपुर गाउँपालिकामा ८ हजार १ सय २० पुरुष, ७ हजार २७ महिला र एक अन्य गरि १५ हजार १ सय ४८ मतदाता रहेको जनाइएको छ।

त्यस्तै शम्भुनाथ नगरपालिकामा ११ हजार ९ सय ८६ पुरुष, १२ हजार १ सय २२ महिला र ४ अन्य गरि २४ हजार १ सय १२, सप्तकोशी नगरपालिकामा ७ हजार ६ सय ८९ पुरुष, ७ हजार ७ सय ६५ महिला गरि १५ हजार ४ सय ५४, सुरुङ्गा नगरपालिकामा १४ हजार ७ सय २ पुरुष, १४ हजार ९ सय ९० महिला र एक अन्य गरि २९ हजार ६ सय ९३ र हनुमाननगर कंकालिनी नगरपालिकामा १५ हजार १ सय १४ पुरुष, १२ हजार ८ सय ३१ महिला गरि २७ हजार ९ सय ४५ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ।

**दुई मतदान केन्द्रमा महिला कर्मचारी**

सप्तरीको दुई वटा मतदान केन्द्रमा महिला कर्मचारी खटाइएको छ।

राजविराज नगरपालिका ७ स्थित जिल्ला खेलकुद विकास समितिको कार्यालय परिसरमा रहेको "क" र "ख" मतदान केन्द्रमा सबै महिला कर्मचारी रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ।

उक्त मतदान केन्द्रमा मतदान अधिकृतदेखी सहयोगि र सुरक्षाकर्मी सबै महिलालाई खटाइएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी सरोज मेहताले जानकारी दिएका छन्।

जिल्ला निर्वाचन अधिकारी रमेशकुमार जोशीले निर्वाचन केन्द्र महिला मैत्री र नमूना बनाउन महिलाकै नेतृत्वमा निर्वाचन सम्पन्न गर्न महिला परिचालन गरिएको जानकारी दिए।

महिला कर्मचारी परिचालन भएको उक्त मतदान केन्द्रमा एक/एक जना मतदान अधिकृत, एक/एक जना सहायक मतदान अधिकृत, चार/चार जना सहायक कर्मचारी र दुई/दुई जना सहयोगि पनि महिलालाई नै नियुक्त गरिएको छ।

उक्त मतदान स्थल "क" मतदान केन्द्रको मतदान अधिकृत गंगा सुनुवार र "ख" मतदान केन्द्र मतदान अधिकृतमा निशाकुसुम पौडेल छन्। उक्त मतदान केन्द्रमा "क" र "ख" मा गरि कुल १ हजार ५ सय ५७ मतदाता छन्।

सूचना अधिकारी मेहताका अनुसार जिल्लाभरमा कुल ५ सय ३६ मतदान केन्द्र कायम गरिएको छ। जसमध्ये १ दर्जन भन्दा बढी मतदान केन्द्रको नेतृत्व महिलाले पाएका छन्।

निर्वाचनमा मतदान केन्द्रलाई समावेशी बनाउन र मतदान अधिकृतको नेतृत्व गर्ने अवसर महिलालाई पनि प्रदान गर्ने उद्देश्यले जिल्लाको एक

*बाँकी अन्तिम पृष्ठमा*

## परिचयपत्रका आधारमा मतदान गर्न पाइने

**काठमाडौं**/प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा निर्वाचन आयोगबाट जारी मतदाता परिचयपत्रको विकल्पमा अन्य पाँच प्रकारका सरकारी परिचयपत्रको सक्कलका आधारमा मतदान गर्न सकिने व्यवस्था गरिएको छ।

मतदानका लागि आयोगबाट जारी मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, जग्गाधनी प्रमाणपुर्जा, राहदानी र सवारी चालक अनुमतिपत्रको सक्कलप्रति आवश्यक पर्ने आयोगले जनाएको छ।

अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले मतदानका दिन मतदान केन्द्रमा जाँदा ती परिचयपत्रको सक्कलप्रति लिएर मतदान गर्न सक्नेछन्। आइतबार देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन हुँदैछ।

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# उत्साहपूर्ण मतदान गरौं

आज प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकै पटक भइरहेको छ। मुलुकमा संघीयता आएपछि यो दोश्रो निर्वाचन हो। आज देशभरिका जनता निर्वाचनमा मतदान गर्न आतुर छन्। आफुले चाहेको पार्टी र जनप्रतिनिधिलाई चयन गर्न उत्साहपूर्ण तरिकाले मतदाता तयार छन्।

निर्वाचनका लागि करिब दुई लाख ४६ हजार नौ सय ६० कर्मचारी एवं आवश्यकता अनुसारका सुरक्षाकर्मी परिचालन गरिएको छ। निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार ५ सय ७० मतदाताले १० हजार ८ सय ९२ मतदानस्थलमा रहेका २२ हजार दुई सय २७ मतदान केन्द्रबाट मताधिकार प्रयोग गर्दै छन्। यस्तै १ सय ४१ अस्थायी मतदान केन्द्र र आफूलाई पायकपर्ने तथा आफू खटिएका मतदान केन्द्रबाट करिब चार लाख ५० हजार अस्थायी मतदाताले प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गदैछन्।

यसैगरी प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ २ हजार एक सय ९९ उम्मेदवारको नाम अन्तिम बन्दसूचीमा कायम गरिएको छ। उनीहरुको भाग्यको परिक्षा हुँदैछ। तसर्थ निर्वाचनलाई भयमुक्त, धांधलीरहित, स्वच्छ एवं मर्यादित तरिकाले सम्पन्न गराउन सुरक्षाकर्मी, कर्मचारीका साथै सम्पूर्ण मतदाताको समेत उत्तिकै जिम्मेवारीका साथ भूमिका निर्वाह गर्नपर्ने देखिन्छ।

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आमनिर्वाचनको सम्पूर्ण तयारी पूरा

**काठमाडौँ**/नेपालको संविधानले प्रत्याभूत गरेको जनताको प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन प्रणालीबमोजिमको दोस्रो आमनिर्वाचन आइतबार मङ्सिर ४ गते एकैचरणमा मुलुकभर हुँदैछ।

मतदानका लागि मतपत्र र निर्वाचन सामग्रीसहित करिब दुई लाख ४६ हजार नौ सय ६० कर्मचारी एवं आवश्यकताअनुसारका सुरक्षाकर्मी मतदानस्थलमा पुगिसकेका छन् भने मतदानस्थल र मतदान केन्द्र निर्माण सकिएको छ।

संविधानबमोजिम जनतामा निहीत सार्वभौमसत्ता, नागरिक स्वतन्त्रता, मौलिक हक, बालिग मताधिकार, आवधिक निर्वाचन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको जगमा हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ लाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन आवश्यकपर्ने निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण तयारी पूरा भइसकेकाले निर्धक्क भएर विवेकको मत प्रदान गर्न निर्वाचन आयोगले आग्रह गरेको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन, प्रतिनिधिमूलक शासन व्यवस्थाको आधारशीला भएको र आफूले रोजेको प्रतिनिधिमार्फत शासन सञ्चालन गर्न पाउने जनताको अधिकारलाई निर्वाचनले नै वैधता र सुनिश्चितता प्रदान गर्ने भएकाले आफ्नो मतदान केन्द्रमा उपस्थित भई निर्धक्क भएर मतदान गर्न आग्रह गरेका छन्।

आयोगले निर्वाचनको सञ्चालन र व्यवस्थापनसम्बन्धी सम्पूर्ण व्यवस्थापकीय कार्यसम्पन्न गरिसकेको छ। त्यस्तै आवश्यक सुरक्षा व्यवस्था मिलाइ सकिएकाले मतदातालाई कसैको डर, धाकधम्की, प्रलोभनमा नपरी आफूलाई मन परेको राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन चिह्नमा मतदान गरी आफ्नो मताधिकार प्रयोग गर्न आग्रह गरिएको छ।

प्रमुख आयुक्त थपलियाले मतदानको दिनभन्दा अगाडि र मतदान सम्पन्न भएपछि अन्तिम नतिजा नआउँदासम्म निहीत राजनीतिक स्वार्थले निर्वाचनको निष्ठालाई आघात पुऱ्याउने गरी देशभित्र र बाहिरबाट सामाजिक सञ्जालमार्फत फैलिनसक्ने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिका कारण निर्वाचन व्यवस्थापन तथा सञ्चालन प्रभावित हुन सक्नेतर्फ आयोग सचेत रहेको बताए।

आयोगले धाकधम्की, डर वा त्रास देखाइ वा अन्य कुनै किसिमले अनुचित प्रभावमा पारी कुनै निर्वाचन क्षेत्र वा मतदान केन्द्रमा निर्वाचनको कुनै काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरेमा निर्वाचनको काममा खटिएका कर्मचारी, सुरक्षाकर्मी, अनुगमनकर्ता, पर्यवेक्षक वा जो कोहीले आफ्नो कर्तव्य सम्झी सूचना दिन, त्यस्तो कार्य रोक्न वा कानुनबमोजिम कारवाही गर्न विशेष निर्देशन दिएको छ।

आयागले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित, पारदर्शी एवं विश्वसनीय बनाउन आयोगले आवश्यक सुरक्षा प्रबन्ध मिलाइसकेको छ। निर्वाचन बिथोल्ने वा बहिष्कार गर्ने, बुथ कब्जा गर्ने, मतदातालाई मतदानको अवसरबाट वञ्चित गर्ने, डर, धाकधम्की दिनेलगायत काम गरी निर्वाचनको स्वच्छतामा असर पुऱ्याउने कुनै पनि गतिविधि रोक्न आवश्यक सुरक्षा रणनीतिसहित सुरक्षाकर्मी परिचालन गरिएको छ।

निर्वाचन सुरक्षाका लागि प्रत्येक मतदान केन्द्रमा आवश्यक सुरक्षाकर्मीसहित तीन घेराको सुरक्षा व्यवस्थाका अतिरिक्त ३० मिनेटभित्र पुग्न सक्नेगरी पर्याप्त सुरक्षाकर्मीको 'रिजर्भ फोर्स'को व्यवस्था गरिएको छ। निर्वाचन सुरक्षा जोखिमका आधारमा आवश्यकताअनुसार सुरक्षा गस्ती परिचालन तथा क्षेत्रगत संवेदनशीलतालाई मध्यनजर गरी पर्याप्तमात्रामा अधिकार सम्पन्न घुम्ती टोली परिचालन गर्ने व्यवस्था मिलाइएको छ।

**बाइस हजार दुई सय २७ मतदान केन्द्र**

निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार ५७० मतदाताले १० हजार आठ सय ९२ मतदानस्थलमा रहेका २२ हजार दुई सय २७ मतदान केन्द्रबाट मताधिकार प्रयोग गर्दै हुनुहुन्छ। यसैगरी एक सय ४१ अस्थायी मतदान केन्द्र र आफूलाई पायकपर्ने तथा आफू खटिएका मतदान केन्द्रबाट करिब चार लाख ५० हजार अस्थायी मतदाताले प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्नुहुनेछ।

निर्वाचनमा प्रतिनिधिसभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि दुई हजार चार सय १२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ। यसैगरी प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई हजार एक सय ९९ उम्मेदवारको नाम अन्तिम बन्दसूचीमा कायम गरिएको छ। प्रदेशसभातर्फ पहिलो हुने निर्वाचिन हुने निर्वाचन प्रणालीका लागि तीन हजार दुई सय २४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ तीन हजार सात सय आठ जना उम्मेदवारको नाम अन्तिम बन्दसूचीमा कायम छ। यसरी आसन्न निर्वाचनमा प्रतिनिधि तथा प्रदेशसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि कूल पाँच हजार छ सय ३६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने प्रतिनिधि तथा प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ पाँच हजार नौ सय सात उम्मेदवारको नाम अन्तिम बन्दसूचीमा कायम गरिएको छ।

प्रतिनिधिसभा तथा प्रदेशसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि तीन करोड ९९ लाख ६२ हजार ५०० मतपत्र र प्रतिनिधिसभा तथा प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीका लागि चार करोड छ लाख पाँच हजार गरी कूल आठ करोड पाँच लाख ६७ हजार ५०० मतपत्र छपाइ गरी ढुवानी गरिसकिएको छ।

**सात हजार दुई सय १९ पर्यवेक्षण**

निर्वाचनसम्बन्धी काम कारवाहीको पर्यवेक्षणद्वारा निर्वाचनको विश्वसनीयता अभिवृद्धि गर्न अनुमतिप्राप्त ४४ वटा राष्ट्रिय संस्थाबाट सात हजार दुई सय सात र दुई वटा अन्तर्राष्ट्रिय संस्थाबाट १२ जना जरी सात हजार दुई सय १९ जनाले पर्यवेक्षण गर्दैछन्। पर्यवेक्षकले प्रतिनिधिसभाको पहिलो हुने निर्वाचित प्रणालीको एक सय ६५ निर्वाचन क्षेत्र र प्रदेशसभाको पहिलो हुने निर्वाचित निर्वाचन प्रणालीको तीन सय ३० वटै निर्वाचन क्षेत्रमा निर्वाचन पर्यवेक्षण गर्नुहुनेछ। आयोगले हालसम्म करिब सात हजार पाँच सयलाई पर्यवेक्षण परिचयपत्र उपलब्ध गराइसकेको छ।

आयोगको निमन्त्रणामा भारत, भूटान, बङ्गलादेश र माल्दिभ्सका प्रमुख निर्वाचन आयुक्त र श्रीलङ्का र दक्षिण कोरियाका निर्वाचन आयुक्तसहितको निर्वाचन व्यवस्थापन गर्ने निकायको टोली मतदानको दिनको अवलोकन गर्न आउनुहुने भएको छ। नेपालस्थित १८ वटा कूटनीतिक नियोगबाट समेत मतदानको दिनको अवलोकन गरिने भएको छ।

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**रुपनी गाउँपालिका**
**रुपनी, सप्तरी**

# निर्वाचनमा गठबन्धन : विचारको अवसान

**ऋतिक यादव**

अहिले देश मङ्सिर ४ गते हुन लागेको प्रतिनिधि सभा र प्रदेश सभाको प्रत्यक्ष र समानुपातिकतर्फको चुनावको सम्मुखमा छ । लोकतन्त्रमा जनमतको नवीकरणको एक मात्र वैधानिक प्रक्रिया निर्वाचन भएकाले यसलाई नेपालजस्तो तन्नेरी लोकतन्त्रका लागि प्राणवायु अथवा प्रमुख कडीभन्दा अत्युक्ति हुँदैन ।

आसन्न निर्वाचनको 'म्यानडेट'का आधारमा सङ्घीय सदनको तल्लो सदन प्रतिनिधि सभामा २७५ र ७ वटै प्रदेशका प्रदेश सभामा ५५० गरी निर्वाचित हुने ८२५ जनप्रतिनिधिले सङ्घ र ७ वटा प्रदेशको व्यवस्थापिकाको गठन मात्र गर्ने छैनन्, कार्यकारी अधिकार प्राप्त सरकार निर्माणसमेत गर्ने भएकाले संसदीय प्रजातन्त्र अख्तियार गरेका मुलुकका लागि संसद्को निर्वाचनले देशको तत्कालिक मुहारमा बदलाव ल्याउन सक्ने प्रष्ट सम्भावना रहने भएको हुँदा महत्त्वपूर्ण अर्थ राख्नेगर्छ ।

लोकतन्त्रको अध्येताको प्रष्ट राय के छ भने लोकतन्त्रको वाहक राजनीतिक दल हो भने त्यसलाई ऊर्जा प्रदान गर्ने विचार, मूल्य, मान्यता, दर्शन, आदर्श इत्यादि हुन् । यी दुवै अनिवार्य तत्त्वहरू जस्तोसुकै उन्नत लोकतन्त्रको पूर्वसर्तका रूपमा रहेका हुन्छन् । तर आसन्न निर्वाचनको प्रयोजनार्थ गठित तथाकथित गठबन्धनहरूले दलहरू विचारशून्यताको अवस्थामा रहेको दृष्टान्त प्रष्टसँग देखाएको छ । विचारको विचलन, स्खलन र पतनले राजनीतिक विचारप्रति निष्ठावान् राजनीतिक योद्धाको त्याग, सङ्घर्ष र विभिन्न परिवर्तनकामी आन्दोलनहरूमा प्राणाहुति गरेका सहिदहरूको अवमूल्यन भइरहेको छ- गठबन्धनको आवरणमा ।

विचारको खडेरी लागिरहेको अवस्थामा १८० डिग्री फरकमा रहेका राजनीतिक शक्तिहरू एउटै ठाउँमा छन् भने थोरै भए पनि वैचारिक-राजनीतिक सामीप्यता राख्ने शक्तिहरू फरक ध्रुवमा छन् ।

उदाहरणका लागि केपी शर्मा ओली अध्यक्ष रहेको नेकपा (एमाले)ले राजेन्द्र लिङ्देनको राष्ट्रिय प्रजातन्त्र पार्टीसँग गठजोड गरेका छन्, जसको उपादेयता कुनै पनि कोणबाट पुष्टि गर्ने सकिने आधार भेटिँदैन । प्रगतिशील वैचारिकी भएको मानिने नेकपा (एमाले)को विधान २०४९ मा पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद भनिएको छ । जबकि राप्रपा संविधानको अन्तरवस्तुमै असहमति जनाउने तथा गणतन्त्रको विघटन, राजतन्त्र र पुनः हिन्दु राष्ट्रको स्थापनार्थ सङ्घर्षरत एक पश्चगामी, प्रतिगामी तथा दक्षिणपन्थी शक्ति हो । सोही गठबन्धनको अर्को घटक उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी समावेशी समाजवाद, क्षेत्रीय राष्ट्रवाद, मधेशवादजस्ता विचारको हिमायती हो, जुन वैचारिक मतप्रति आफूलाई अन्यभन्दा बढी राष्ट्रवादी दाबी गर्ने एमाले र राप्रपाको ऐतिहासिक रूपमै विरोध, असन्तोष र विमति रहँदै आएको छ ।

जनतालाई रणभुल्लमा पार्न ओलीको संसद् विघटनहरूको सामना गरेर संविधानको रक्षा गर्न प्राप्त एउटा खास राजनीतिक परिघटनाका भरमा सिर्जित नेपाली काँग्रेस, नेकपा ( माओवादी केन्द्र), नेकपा ( एकीकृत समाजवादी), लोकतान्त्रिक समाजवादी पाटी (जसपा अलग भएपछि जोडिएको) र राष्ट्रिय जनमोर्चा पार्टीको चुनावी तालमेलको पनि औचित्यता पुष्टि गर्न हुनुपर्ने वैचारिक समानताको अभाव भएकाले त्यसलाई पनि राजनीतिक दुराचारकै समकक्षतामा विश्लेषण गर्दा अन्यथा हुन जाँदैन । वैज्ञानिक समाजवादलाई रणनीतिक लक्ष्य र साम्यवादलाई अन्तिम लक्ष्य मान्ने, प्रत्यक्ष कार्यकरी राष्ट्रप्रमुखको व्यवस्थासहित शासकीय स्वरूपमै परिवर्तनको पक्षपाति तथा जनवादी केन्द्रीयताको सिद्धान्त यथार्थ व्यक्तिप्रधान दल हुनुपर्ने भन्ने माओवादीसँग परम्परागत संसदीय लोकतन्त्रकै शान्तिपूर्वक अभ्यासबाट समाजवाद हासिल गर्न सकिने नीति-प्रधान वैचारिकी राख्ने नेपाली कांग्रेसको कसरी समीकरण हुन सक्छ ?

तथाकथित संविधान र लोकतन्त्र रक्षाको आजको राजनीतिक बिन्दुमा अवतरण गरेर काँग्रेस र माओवादी एकाकार हुनु नै थियो भने नवजनवाद (प्रचण्ड पथ) को आधुनिक वर्गीय विचारधारात्मक दसवर्षे जनयुद्ध केवल राजनीतिक विलासिता थियो भन्न किन नहुने कमरेडहरू ? नेकपा एमालेमा ओलीको सर्वसत्तावादका कारण पाखा लगाइएका माधवकुमार नेपालले पार्टी फुटाएर गठन गरेका नेकपा (एस) को वैचारिक कार्यदिशा एमालेभन्दा तात्त्विक भिन्न छैन । तर नेकपा (एमाले) र नेकपा (एस) विपरीत शक्तिहरूसँग समीकरण गरेछन् । महन्त ठाकुर नेतृत्वको लोसपाको जसपासँग लगभग सबैजसो मुद्दा मिल्छ, यी दुवै शक्ति पनि पहिला एउटै थिए । तर अहिले नीतिप्रधान राजनीतिलाई बलि चढाएर केही व्यक्तिको सत्ता-स्वार्थ अनुमोदन गराउन भइरहेको राजनीतिक व्यभिचारमा कुल्चिएका छन् यथार्थ फरक फरक खेमाबाट प्रतिद्वन्द्वी बनेका छन् ।

आकारमा सानो भए पनि राजनीतिक मूल प्रवाहमा बढी सुनिने राष्ट्रिय जनमोर्चा पार्टीले सत्तागठबन्धनका अन्य सबै दलहरूले स्वीकार गरेको सङ्घीयताको कारण लोकतन्त्र र राष्ट्रियता खतरामा रहेको भन्दै उक्त प्रणाली खारेजी गर्नुपर्ने राजनीतिक उद्देश्य रहेको आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । एमसीसी, नागरिकता विधेयक जस्ता राष्ट्रिय मुद्दामा समेत दृष्टिकोण नमिल्ने शक्तिहरू चुनावको बखत एक हुनुले मतदाताहरूलाई पर्याप्त शङ्काको सुविधा प्राप्त भएको छ । त्यसैले केवल शक्ति आर्जन, सत्तामा पुग्ने साधन र कोहीलाई प्रम, राष्ट्रपति र मन्त्री बन्नका लागि विचारलाई फाँसी दिएर गठित अपवित्र विचारहीन मृतप्रायः गठबन्धनहरूलाई राजनीतिक पाखण्ड किन नभन्ने ?

**संविधानको दुरुपयोग**

गोल-पोस्टबिनाको फुटलबल खेल्न आतुर अहिलेको राजनीतिक खेलाडीलाई आफ्नो व्यक्तिगत तथा गुटगत स्वार्थको पूर्तिको खातिर भएको गठबन्धनलाई कुनै संवैधानिक तथा कानुनी व्यावधान नभए पनि यो संविधान निर्माताको प्रज्ञा वा मनसायको विरुद्धमा छ । नेपालको संविधानको धारा ७६(२) मा प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने बन्दोबस्त गरिनुले गठबन्धनको अस्तित्वलाई संवैधानिक स्वीकारोक्ति छ । तर यो भनेको निर्वाचनपश्चात् सरकार गठन प्रक्रियामा मात्र हो । राजनीतिक दर्शन, विचार, मान्यतामा सम्झौता गर्न सकिने यो अपवादात्मक अवस्था संविधानद्वारा परिकल्पित नै हो । तर संसदीय मान्यता प्रतिकूल संसद् विघटनको बाध्यात्मक अवस्था आउन नदिन राखिएको यस व्यवस्थालाई निर्वाचन अगावै क्रियाशील बनाई निजी लाभ हासिल गर्नेतर्फ केन्द्रित हुनु भनेको न्यूनतम संवैधानिक नैतिकताको विरुद्धमा छ ।

**विचारविहीन स्वतन्त्र**

स्थानीय चुनावमा काठमाडौँ महानगरलगायत केही पालिकामा स्वतन्त्र उम्मेदवार विजयी भएपश्चात् त्यसको प्रभाव संसदीय चुनावमा समेत देखिएको छ । अत्यधिक सङ्ख्यामा अनपेक्षित रूपमा स्वतन्त्र युवा उम्मेदवारहरू प्रतिस्पर्धामा छन् । राष्ट्रिय स्वतन्त्र पार्टी नामक दल नै एकजना पूर्वपत्रकारले निर्वाचन आयोगमा दर्ता गराएका छन् । तर सेवा प्रवाहसँग सम्बन्धित स्थानीय जनप्रतिनिधिहरूको भूमिका ऐन-कानुन तर्जुमाकार संसद्भन्दा नितान्त फरक भएको तथ्यबारे यस्ता स्वतन्त्रहरूमा राजनीतिक साक्षरता छैन ।

कुनै पनि विचार नै वहन नगर्ने, केवल स्वतन्त्र शब्दको 'वस्तुकरण' गरेका स्वतन्त्रहरूको उभार एक अस्थायी प्रतिक्रियात्मक 'मौसमी परिदृष्य' हो । यिनीहरू राष्ट्रको मूलधारे नीतिजस्तै परराष्ट्र, अर्थतन्त्र, समावेशीता, न्याय-व्यवस्था, जलवायु परिवर्तनबारे मौन छन् र परम्परागत दलहरूको असफलताकै कारण आफूहरूलाई निर्वाचित गर्नुपर्ने दलील पेस गरिरहेका छन् । जसको कुनै तार्किकता छैन । त्यसैले प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिक प्रणालीमा प्रष्ट राजनीतिक दृष्टिकोण, उद्देश्य, कार्यसूची र कार्यक्रम नभएका स्वतन्त्रहरू संसदीय लोकतन्त्रका लागि खतराका सूचक हुन् । यसमा नियन्त्रण गरिनु व्यवस्थाको मर्मअनुरूप हुन्छ ।

पाश्चात्य जगतका पुराना दार्शनिक प्लेटोले शासक दार्शनिक यथार्थ विचारबाट निर्देशित हुनुपर्ने र त्यसको आज्ञापालकसमेत हुनुपर्ने भन्छन् । अर्का विद्वान् रुसोले मानिस स्वतन्त्र रूपमा जन्मिए पनि आफूलाई खास विचार, मूल्य, मान्यता, दर्शन, आदर्श, नियमको घेराबाट घेरिएको आभास गर्ने गरेको धारणा प्रकट गर्दछन् । प्राध्यापक कृष्ण खनाल राजनीतिक पार्टी विचारधाराको मञ्च हो लेख्छन् । राजनीतिक विचारधाराले नै कुनै पनि राजनीतिक शक्तिलाई जिम्मेवार, इमानदार, अनुशासित र जीवन्त बनाउने गर्छ । त्यसप्रतिको समर्पणकै कारण दलप्रति जनविश्वास र समर्थन टिकेको हुन्छ । विचारबिनाको राजनीतिमा घनश्याम भुसालहरूलाई निषेध गरिन्छ । दीपक मनाङेजस्ताको राजनीतिमा नियन्त्रण हुन जान्छ । राजनीति व्यक्तिप्रधान हुन्छ, जनताको धूलिसात हुन्छ । राजनीतिमा बौद्धिकलाई फालिन्छ । अन्ततः लोकतन्त्रको अवसान हुन जान्छ र देश 'बनाना रिपब्लिक (कोरा गणराज्य)मा परिणत हुन्छ । त्यसैले विचारको पुनर्जन्मको निम्ति राजनीतिक स्तरमा हरसम्भव प्रयास गर्नु आजको यक्ष प्रश्न हो ।

यादव काठमाडौँ स्कुल अफ ल का विद्यार्थी हुन् ।

रातोपाटीबाट


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# एक्सबीबी सबभेरियन्ट पुष्टि भएसँगै हाई अलर्टमा स्वास्थ्य मन्त्रालय

**माया श्रेष्ठ**

ओमिक्रोन भेरियन्टको सबभेरियन्ट एक्सबीबी नेपालमा पहिचान भएकाले सजग रहन सरकारले आह्वान गरेको छ। पछिल्लो समय सङ्क्रमित भएकामध्ये धेरैमा एक्सबीबी सबभेरियन्ट पाइएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सह प्रवक्ता डा. समीर कुमार अधिकारी बताउँछन्। अघिल्लो महिनाको तुलनामा सङ्क्रमित बढ्नुको मुख्य कारण ओमिक्रोनको सवभेरियन्ट एक्सबीबी भएको उनको भनाई छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार श्रावण २१ गतेदेखि असोज १४ सम्म कोभिड-१९ को विभिन्न उमेर समूहका व्यक्तिहरूमा सङ्कलित नमुनाको जिनोम सिक्वेन्सिङ गर्दा ओमिक्रोनको सबभेरियन्ट एक्सबीबी नेपालमा पहिलो पटक पहिचान भएको थियो। सो भेरियन्ट देशका विभिन्न भागमा फैलनुका साथै कोभिड -१९ को सङ्क्रमण बढेको देखिएको जारी सूचनामा उल्लेख गरिएको छ।

कात्तिक महिना सुरु भएदेखि दैनिक ४ देखि ५८ जनासम्म सरदरमा सङ्क्रमित हुँदै आएका छन्। कात्तिक १ गते ४६ कोरोना सङ्क्रमित हुँदा २ गते ४८ सङ्क्रमित भएका थिए। यस्तै, ३ गते ५३ जनामा सङ्क्रमण पुष्टि हुँदा ४ गते ५४ पुगेको थियो। यस्तै क्रमशः ५ गते ४३, ६ गते ४१, ७ गते ४२, ८ गते १६, ९ गते १६, १० गते ४ र ११ गते १४ सङ्क्रमित भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आँकडाले देखाउँछ।

पछिल्लो समय सङ्क्रमित बढ्नुको कारण ओमिक्रोनको सबभेरियन्ट एक्सबीबी रहेको पाइएको छ। त्यसैले सबैलाई सावधानी अपनाउन आग्रह गरेको डा. अधिकारीले सुनाउँछन्। 'यस भेरियन्टका कारण सङ्क्रमण बढ्छ कि भन्ने चिन्ता बढेको छ,' उनले भने, 'थप सङ्क्रमित बढ्न सक्ने सम्भावना रहेकाले मन्त्रालयले सबै सरकारका सबै तहलाई हाई अलर्टमा राखेको छ।'

भारत लगायतका केही देशमा सङ्क्रमितको दर बढेको पाइएको हुँदा सजग हुनुपर्ने उनले सुनाए। अन्य भरियन्टको तुलनामा एक्सबीबी धेरै सङ्क्रामक भएको पाइएको छ। भारत लगायतका केही देशमा कोरोनाका दुई जेनेटिक भेरियन्ट -एक्सबीबी र एक्सबीबी.वान सङ्क्रमित धमाधम पुष्टि भएको छ।

पेकिङ युनिभर्सिटीमा बायोपिकका सह प्राध्यापक युनलोन्ड रिचर्ड एक्सबीबी एन्टिबडीलाई झुक्याउन सक्ने भेरियन्ट हुनसक्ने बताउँछन्। यता, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनले कोरोना भाइरसको सब भेरियन्टहरु देखिने क्रम जारी रहने बताए। ओमिक्रोनको सवभेरियन्ट एक्सबीबीझैँ नयाँ स्वरूप देखिने क्रम जारी रहने उनको भनाई छ।

उनले भने, 'यो अलिकति छिटो फैलन सक्ने क्षमता भएको सब भेरियन्ट हो भन्ने पुष्टि भएको छ। जुनजुन देशमा सङ्क्रमण देखिएको छ त्यहाँ मानवीय क्षति भने भएको अवस्था छैन।'

नेपालमा धेरै जनाले खोप लगाइसकेकाले धेरै मानवीय क्षति हुन सक्ने सम्भावना न्यून रहेको उनको आङ्कलन छ। पहिलो, दोस्रो महामारीमा भन्दा पछिल्ला महामारीमा मानवीय क्षति कम भएको थियो। अघिल्ला महामारीलाई भन्दा अब सङ्क्रमणलाई फरक नजरबाट हेर्नुपर्ने उनले बताए।

'नेपालमा स्वास्थ्यमा जटिलता नआएसम्म स्वास्थ्य संस्था पुग्ने चलन छैन, त्यसैले सङ्क्रमण हुनबाट जोगिनुपर्छ,' उनले भने। यस सवभेरियन्टबाट दोस्रो महामारीमा जस्तो सङ्क्रामक भई अस्पताल पुग्ने बिरामी दर बढ्ने सम्भावना कम हुने उनको अनुमान छ।

'नयाँ भेरियन्टको सङ्क्रमणबाट स्वास्थ्यमा जटिलता आउनु सामान्य ज्वरो आउने, नाकबाट पानी चुहिने र अलिअलि टाउको दुख्ने हुनकसक्छ। तर वृद्धवृद्धा र दीर्घरोगीलाई गाह्रो बनाउन सक्छ। त्यसैले सतर्क हुनुपर्छ,' उनले भने,

शारीरिक कमजोरी, दीर्घरोगीको अवस्था अनुसार जहिले पनि कोरोना भाइरसले स्वास्थ्यमा समस्या निम्ताउन सक्ने भएकाले सबै जना सजग हुनुपर्ने उनले बताए। कोरोना भाइरसको स्वरूप परिवर्तन बारे सम्बन्धित निकाय जानकार बनिरहन अति आवश्यक रहेको उनी बताउँछन्। भाइरसले स्वरूप परिवर्तन भई कडा खालको भाइरस बनेर समस्या निम्त्याउन सक्ने उनले बताए। भाइरसले स्वरूप परिवर्तन गरी रहने भएकाले जति पनि बेला कोरोनाविरुद्धको खोपलाई चुनौती दिन सक्ने स्थिति आउन सक्ने भएकाले सचेत हुनुपर्ने डा. पुन सुनाउँछन्। रातोपाटीबाट

# निर्वाचनका लागि खटिएका दुई कर्मचारीको निधन

**काठमाडौँ**/प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि खटिएका दुई कर्मचारीको निधन भएको छ।

सोलुखुम्बु जिल्लाको नेचासल्यान गाउँपालिका-४ स्थित फुर्के सामुदायिक वन उपभोक्ता समूह मतदान केन्द्रमा मतदान अधिकृतका रूपमा खटिएका सर्लाही हरिपुरूवा-६ का बिल्टु रायको आज बिहान सुतिरहेको अवस्था र धनकुटा जिल्ला साँघुरीगढी-३ स्थित सिद्धेश्वरी आवासीय विद्यालय मतदान केन्द्रका सहायक कर्मचारीका रूपमा खटिएकी धनकुटा साँघुरीगढी-४ की पवित्रा लिम्बूको मङ्सिर २ गते बिरामी परी उपचारका क्रममा निधन भएको हो।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले शनिबार शोक विज्ञप्ति जारी गरी दिवङ्गत कर्मचारीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गरेका छन्। साथै निर्वाचनमा खटिएका सबै कर्मचारी र सुरक्षाकर्मीको स्वास्थ्य सुरक्षा र व्यक्तिगत सुरक्षा प्रबन्धका लागि कुनै कसर बाँकी नराख्न आयोग नेपाल सरकार गृह मन्त्रालयमार्फत सम्बद्ध सबै निकायलाई आयोगले आग्रह गरेको छ।




डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट),
हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मीले कस्ता सेवासुविधा पाउँछन् ?

**काठमाडौ**/प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि यसपटक निर्वाचन आयोगले दुई लाख ४६ हजार नौ सय ६० कर्मचारी खटाएको छ । देशभरका २२ हजार दुई सय २७ मतदान केन्द्र, एक सय ४१ अस्थायी मतदान केन्द्र र १० हजार आठ सय ९२ मतदानस्थलमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायक कर्मचारीलगायत खटाइएका छन् ।

निर्वाचन अधिकृतको कार्यालय, मतदान केन्द्र र मतगणनास्थलमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीको व्यवस्थापनका लागि प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७९ कार्यान्वयनमा रहेको छ ।

यसरी निर्वाचनमा खटिएका कर्मचारीले 'प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७९' मा रहेको व्यवस्थाअनुसार विभिन्न सेवासुविधा पाउँछन् ।

मतदान केन्द्र, अस्थायी मतदान केन्द्र तथा मतदानस्थलमा खटिने कर्मचारीले पाउने सेवा सुविधा निर्वाचन अधिकृतको कार्यालयले उपलब्ध गराउँछ । निर्वाचनका क्रममा खर्च हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयको नाममा निकासा दिन्छ ।

कार्यविधिअनुसार मतदान केन्द्रमा खटिने मतदान अधिकृतलाई प्रतिदिन रु दुई हजार पाँच सय, सहायक मतदान अधिकृतलाई रु दुई हजार, सहायक कर्मचारीलाई रु एक हजार छ सय र सहयोगी कर्मचारीलाई रु एक हजार दुई सय भत्ता उपलब्ध गराइन्छ । सहायक मतदान अधिकृत राजपत्राङ्कितस्तरको कर्मचारी भएमा भने अधिकृतसरह नै दैनिक तथा भ्रमण भत्ता पाउँछन् ।

मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म, मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म र निर्वाचन अधिकृतको कार्यालयबाट आफ्नो कार्यालयसम्म जान आउन लाग्ने दिन र मतदान केन्द्रमा बस्ने तीन दिनकोसमेत दैनिक तथा भ्रमण भत्ता दिइन्छ । पैदलयात्रा गर्दा प्रति १५ किलोमिटरलाई एक दिन मानि दैनिक भत्ता उपलब्ध गराउने व्यवस्था छ ।

प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत)ले दैनिक रु दुई हजार पाँच सय, मतगणनाका लागि एकै समयमा एकभन्दा बढी मतगणना टोली परिचालन गरिएकामा प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत)ले प्रत्येक थप टोलीका लागि पाउने थप रकममा रु एक हजार पाउनेछन् ।

साथै सहायक मतगणना अधिकारीले प्रतिसिफ्ट दैनिक रु दुई हजार, मतगणना सहायक र कम्प्युटर अपरेटरले प्रतिसिफ्ट रु एक हजार छ सय, र कार्यालय सहयोगीले प्रतिसिफ्ट एक हजार दुई सय पाउनेछन् ।

मतगणनाका व्यवस्थापन खर्चअन्तर्गत २० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले रु ३० हजार र निर्वाचन अधिकृतको कार्यालयले रु २५ हजार पाउनेछन् । साथै ५० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले रु ४० हजार र निर्वाचन अधिकृतको कार्यालय रु ४० हजार पाउनेछन् ।

साथै ८० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले रु ५० हजार र निर्वाचन अधिकृतको कार्यालय रु ५० हजार पाउनेछन् । साथै ८० हजारभन्दा बढी मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले रु ६० हजार र निर्वाचन अधिकृतको कार्यालय रु ६० हजार पाउनेछन् ।

मतगणना केन्द्र निर्माण खर्चका रुपमा भवन उपलब्ध भएका ठाउँमा सात हजार र भवन उपलब्ध नभएका ठाउँमा रु १५ हजार उपलब्ध गराइन्छ । त्यस्तै मतपेटिका तथा निर्वाचन सामग्री ढुवानी खर्चका रुपमा प्रति १५ किलोमिटर रु तीन हजार मतपेटिका तथा निर्वाचन सामग्री ढुवानी खर्च दिने व्यवस्था रहेको छ ।


डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

महादेवा गाउँपालिका
महादेवा, सप्तरी



डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

छिन्नमस्ता गाउँपालिका
छिन्नमस्ता, सप्तरी


## अन्तर्राष्ट्रिय समाचार

### दक्षिण अफ्रिकाका ६८ प्रतिशत युवा भेदभावको शिकार : संयुक्त राष्ट्रसंघ

**प्रिटोरिया**/दक्षिण अफ्रिकाका लगभग ६८ प्रतिशत युवाले विद्यालयदेखि काम गर्ने स्थानदेखि सामुदायिक स्थलमा आफूहरू विरुद्ध हुने भेदभाव जीवनको एक नियमित हिस्सा जस्तै भएको गुनासो गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घ बालकोष (युनिसेफ)ले शुक्रबार एक प्रतिवेदन सार्वजनिक गर्दै सो कुरा जनाएको छ । उमेर, लिङ्ग, शिक्षा, आम्दानी र छालाको रङ्गका कारण भेदभाव हुने गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । यो प्रतिवेदन नोभेम्बर २० मा मनाइने विश्व बाल दिवसको केही अगाडिमात्र जारी गरिएको हो ।

प्रतिवेदनका अनुसार करिब ८० प्रतिशत युवा उत्तरदाताले भेदभावले उनीहरूको जीवन प्रगतिमा असर गरेको महसुस गरेका छन् । बालबालिका विरुद्धको हिंसाको स्तर र दक्षिण अफ्रिकामा युवा जीवनलाई असर गर्ने र भेदभाव गर्ने असमानतालाई तत्कालै सम्बोधन गरिनुपर्ने युनिसेफ दक्षिण अफ्रिका प्रतिनिधि क्रिस्टिन मुहिगानाले बताएका छन् ।

"बालबालिका विरुद्ध हुने भेदभाव विरुद्ध हामी सबैले लड्नुपर्छ, "उनले भनिन् । "विश्व बाल दिवस हरेक बालबालिकाको अधिकारको लागि हाम्रो आह्वानलाई बलियो बनाउने क्षण हो," उनले जोड दिइन् । एजेन्सी

### प्रणालीगत नस्लवादले स्वास्थ्य र वित्तीय असमानता निम्त्याउँछ : सर्वेक्षण

**वासिङ्टन**/करिब ८० प्रतिशत अश्वेत वा अफ्रिकी अमेरिकी स्वास्थ्य र वित्तजस्ता क्षेत्रमा असमानताका लागि प्रणालीगत नस्लवाद जिम्मेवार रहेको बताँछन् । देशको विभिन्न भागमा गरिएको र पूर्णरूपले वा केही हदसम्म सहमत भएको सर्वेक्षणले यो नजिता देखाएको छ ।

सर्वेक्षणले जातीय र जातीय समूहबीच नस्लवादसम्बन्धी विचारमा स्पष्ट भिन्नता प्रकट गरेको छ । उदाहरणका लागि ४७ प्रतिशत गोरा उत्तरदाता अमेरिकामा प्रणालीगत नस्लवाद कामय छ भन्ने कुरामा विश्वस्त छैनन् जबकि ८० प्रतिशतभन्दा बढी काला वा अफ्रिकी उत्तरदाता भने सो कुरामा विश्वास गर्छन् ।

"कोभिड-१९ महामारीको बेला देखिएको चरम असमानता र जर्ज फ्लोयडको हत्याको प्रतिक्रियामा भएको विद्रोहले देशको आर्थिक, स्वास्थ्य सेवा, फौजदारी न्याय प्रणाली, संस्थामा जातीय असमानतालाई निर्विवादरूपमा उजागर गरेको र जातीय न्यायको स्पष्ट मागलाई प्रज्वलित गरेको", नागरिक अधिकार सङ्गठन राष्ट्रिय शहरी लीगका अध्यक्ष एवम् सीईओ मार्क मोरियलले बताएका छन् । एजेन्सी

### अफगानिस्तानको मानवीय अवस्थाप्रति भारतको चिन्ता

**न्युयोर्क**/अफगानिस्तानको अहिलेको मानवीय अवस्थालाई लिएर भारतले चिन्ता व्यक्त गरेको छ । साथै उसले लामो युद्धबाट प्रताडित देशका जनतालाई मद्दत गर्ने आफ्नो अटल प्रतिबद्धता पुनः दोहोऱ्याएको छ ।

अफगानिस्तानमा बढ्दै गएको मानवीय अवस्थाप्रति भारत गम्भीररुपमा चिन्तित भएको तथा त्यहाँका जनताको मानवीय आवश्यकता र सहायता परिपूर्तिका निम्ति संयुक्त राष्ट्रसङ्ले गरेको अपीलको प्रत्युत्तरमा आफ्नो देशले मानवीय सहायताका धेरै सामग्री उपलव्ध गराएको राष्ट्रसङ्घका लागि यहाँस्थित भारतको स्थायी नियोगका काउन्सिलर मधु सुदनले बताएका छन् ।

सुरक्षा परिषद्को एक बैठकमा अफगानिस्तानको निकट छिमेकी भारतले लामो समयदेखिको साझेदार उसको परिस्थितिलाई ध्यान दिँदै देशमा शान्ति र स्थायित्व सुनिश्चित गर्न निरन्तर सहयोग गरिरहेको काउन्सिलर सुदनले अर्बौं लगानीका परियोजना र कार्यक्रम कार्यान्वयन गरेको बताए । तालिबानले सत्ता कब्जा गर्नु अघि पनि अफगानिस्तानको विकास, पुनर्निर्माण र जनताको क्षमता अभिवृद्धि गर्ने लक्ष्यका साथ उसलाई आत्मनिर्भर राष्ट्र बनाउने उद्देश्यले विकास साझेदार भएर भारतले सघाइरहेको जानकारी दिए ।

### ब्याङकक घोषणापत्र जारी गर्दै एपेक शिखर सम्मेलन सम्पन्न

**ब्याङकक**/सुदृढ, सन्तुलित, सुरक्षित, समावेशी विकास प्रवर्द्धनको प्रतिबद्धताका साथ एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) का प्रमुख कार्यकारी अधिकृतहरूको दुईदिने शिखर सम्मेलन ब्याङकक घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

सन् २०४० सम्ममा एशिया-प्रशान्त क्षेत्रलाई खुला, गतिशील, लचिलो र शान्तिपूर्ण भूभागका रुपमा विकास गर्ने तथा एशिया-प्रशान्त समुदायलाई उन्नत बनाउने लक्ष्य निर्धारण गर्दै पारित घोषणापत्रमा विधिमा आधारित बहुपक्षीय व्यापार प्रणालीलाई सुदृढ तुल्याउनेमा जोड दिइएको छ । नेतृत्वपङ्तिले यो वर्ष एशिया- प्रशान्त क्षेत्रमा स्वतन्त्र व्यापार क्षेत्रलाई अगाडि बढाउन भएको प्रगतिको स्वागत गरेको छ भने त्यसको गतिलाई गुणस्तरीय ढङ्गले निरन्तरता दिन सहमति जनाएको छ ।

घोषणापत्रमा भौतिक, संस्थागत र जनताबीचको सम्पर्कलाई सुदृढ गर्ने, 'डिजिटल कनेक्टिभिटी'बाट अधिकतम लाभ लिने, गुणस्तरीय पूर्वाधार विकास र लगानीका माध्यमबाट क्षेत्रीय, उप-क्षेत्रीय र दुर्गम क्षेत्र जोड्न आवश्यक प्रयास गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ ।

एशिया-प्रशान्त क्षेत्रको प्रमुख आर्थिक मञ्च एपेकलाई आधुनिक, कुशल र प्रभावकारी संयन्त्रका रूपमा विकास गर्दै सदस्य राष्ट्रबीच सहयोग बढाउने, हरित अर्थतन्त्रको प्रवर्द्धनलाई विशेष प्राथमिकता दिने। नेतृत्वलाई सुदृढ पार्ने प्रयासमा जोड दिने, साझा चुनौतीको व्यावहारिक समाधानमा योगदान पुऱ्याउने, दिगो विकासका लागि संयुक्त राष्ट्रसङ्घले सन् २०३० भित्र हासिल गर्ने लक्ष्य निर्धारण गरेका विश्वव्यापी प्रयासमा हातेमालो गर्दै अघिबढ्ने दृढता घोषणापत्रमा व्यक्त गरिएको छ । एजेन्सी

# निर्वाचनमा खटिएका कर्मचारीलाई गलत कार्यको मतियार नबन्न प्रमुख आयुक्तको निर्देशन

**काठमाडौँ**/प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनमा खटिने कर्मचारीलाई कुनै आग्रह, पूर्वाग्रहबाट प्रभावित नभई निष्ठापूर्वक निर्वाचन सम्पन्न गराउन प्रतिबद्ध हुन निर्देशन दिएका छन् ।

उनले निर्वाचनको मतदान तथा मतगणनामा खटिने कर्मचारीलाई जिम्मेवारीको गरिमा र मर्यादालाई कायम राखी काम गर्न विशेष निर्देशन दिएका हुन् ।

उनले मतदान तथा मतगणनाको कार्य मर्यादित र व्यवस्थित बनाउने सङ्कल्प गर्न, संविधान, प्रचलित ऐन, कानून, आचारसंहिता, निर्वाचनसम्बन्धी निर्देशिका, कार्यविधि र निर्देशनको पूर्णरूपमा पालना गर्न निर्देशन दिए ।

व्यक्तिगत, संस्थागत एवं पदीय रूपमा स्वतन्त्र र निष्पक्ष रही कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव नराखी कार्य सम्पादन गर्न उनको निर्देशन छ ।

प्रमुख आयुक्त थपलियाले निर्वाचनको कार्य सम्पादन गर्ने सिलसिलामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव, दबाब, भनसुन, धम्की आउन भएकाले सचेत रहन समेत निर्देशन दिए ।

निर्वाचन सामग्रीको दुरूपयोग हुन नदिन, कसैले अवाञ्छित कार्य गर्न खोज्यो भने कानूनबमोजिम प्रतिकार गरी कदापि यस्ता कार्यको मतियार नबन्न समेत निर्देशन दिए ।

मतदान तथा मतगणनासम्बन्धी विवाद निरूपण गर्दा पक्षहरूबाट पर्नसक्ने प्रभावबाट स्वतन्त्र रही समाधान गर्न आग्रह गर्दै उनले राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिको स्वार्थ वा प्रभावमा नपर्न समेत भने ।

मतदान तथा मतगणनासम्बन्धी कार्य सम्पादनको सिलसिलामा राजनीतिक दल, उम्मेदवार, कर्मचारी, अनुगमनकर्ता, पर्यवेक्षक, नागरिक समाज मिडियाकर्मी मतदातालगायत सबैप्रति आदरभाव र समान व्यवहार गर्न पनि उनले आग्रह गरेका छन् ।

# भ्रामक समाचारप्रति प्रेस काउन्सिलको ध्यानाकर्षण

**काठमाडौँ**/प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई प्रभावित पार्ने गरी सामाजिक सञ्जालबाट अफवाहपूर्ण सूचना सम्प्रेसित भएकोप्रति प्रेस काउन्सिल नेपालले ध्यानाकर्षण भएको जनाएको छ ।

काउन्सिलले आज प्रेस विज्ञप्ति जारी गर्दै सामाजिक सञ्जालबाट प्रेसित सूचना भ्रामक रहेकाले सजग रहनसमेत अपिल गरेको छ । "स्थिर अवधिमा केही सञ्चारमाध्यमको 'मास्टहेड' प्रयोग गरी राजनीतिक दल तथा उम्मेदवारका बारेमा अफवाहपूर्ण, दुष्प्रचारयुक्त, गलत एवं भ्रामक समाचार बनाई सामाजिक सञ्जालबाट सम्प्रेषण भएकोप्रति प्रेस काउन्सिल नेपालको गम्भीर ध्यानाकर्षण भएको छ", विज्ञप्तिमा भनिएको छ ।

त्यस्ता समाचार सामग्रीका सम्बन्धमा सम्बन्धित मिडियासँग जानकारी माग गर्दा ती शीर्षकमा त्यस किसिमका कुनै समाचार सम्प्रेषण नगरेको, त्यो 'फेक न्युज' रहेको र कतिपय सञ्चारमाध्यमले आफ्नो सामाजिक सञ्जालबाट त्यसबारे प्रस्टाइसकेको काउन्सिलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

शनिबार दिउँसोबाट विभिन्न सञ्चारमाध्यमका मास्टहेड प्रयोग गरी निर्वाचनलाई प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा अफवाहपूर्ण र दुष्प्रचारयुक्त 'स्क्रिनसट' सम्प्रेषित भएका थिए । त्यस्ता सामग्रीबाट सजग रहनसमेत प्रेस काउन्सिलले अपिल गरेको छ । स्थिर समयमा सामाजिक सञ्जालबाट दुष्प्रचारयुक्त र अफवाहपूर्ण सामग्री सम्प्रेषण भएमा विद्युतीय अपराधसम्बन्धी कानून आकर्षित हुने पनि काउन्सिलले जनाएको छ ।

## निर्वाचनको ...

दर्जन भन्दा बढी स्थानमा महिलालाई मतदान अधिकृत बनाइएको सूचना अधिकारी मेहताले जानकारी दिए ।

**एक सय ७६ चुनावी प्रतिस्पर्धामा**

मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा सप्तरीको ४ वटा प्रतिनिधि र ८ वटा प्रदेशसभा सीटका लागि १ सय ७६ जनाले चुनावी प्रतिस्पर्धा गर्दै छन् ।

असोज २३ गते परेको १ सय ८१ जनाको उम्मेदवारी मध्ये पाँच जनाले आफ्नो उम्मेदवार फिर्ता लिएपछि उक्त संख्याका उम्मेदवारहरु चुनावी प्रतिष्पर्धामा रहेका छन् ।

पाँच जनाले उम्मेदवारी फिर्ता लिए सँगै अब सप्तरीमा २० महिलासहित १ सय ७६ जना उम्मेदवार चुनावी प्रतिपर्धा गर्ने भएका हुन् ।

जिल्लामा ४ प्रतिनिधीसभाका लागी ६९ र ८ प्रदेशसभा सदस्य पदका लागी १ सय ७ जना चुनावी प्रतिस्पर्धामा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । जस मध्ये विभिन्न दलबाट १३ जना र स्वतन्त्र ७ गरी २० महिला पनि चुनावी प्रतिस्पर्धामा छन् ।

मंसिर ४ गते हुने प्रतिनिधीसभा र प्रदेशसभा सदस्य पदको निर्वाचनका लागी जिल्लामा ५ सय ३६ मतदान केन्द्र निर्धारण गरिएको छ भने कुल मतदाता संख्या ४ लाख १८ हजार ३ सय ७४ छन ।

**तीन हजार २ सय ७८ म्यादी तथा १ हजार ६ सय ३७ सुरक्षाकर्मी**

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि सप्तरी जिल्लामा ३ हजार २ सय ७८ म्यादी तथा १ हजार ६ सय ३७ जना नेपाल प्रहरी सुरक्षाका लागि खटाइएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख प्रहरी उपरिक्षक अविनारायण काफ्लेले निर्वाचनलाई मध्यनजर गर्दै सप्तरीमा सुरक्षा व्यवस्था चुस्त पारिएको तथा प्रत्येक पालिकमा दुई घुम्ती टोली र मतदानस्थलको घेराको सुरक्षा गरिएको बताए । प्रहरीको गस्ती टोलीले सीमानाका विभिन्न स्थानमा सञ्चालनमा रहेका अवैध मदिरा भट्टीका साथै नेपाल-भारतको खुला नाकाका कारण हुनसक्ने आपराधिक क्रियाकलापलाई रोक्न सवारी जाँचमा पनि कडाइ गरिएको जानकारी दिए ।

यस्तै निर्वाचनलाई लक्षित गरी सवारी जाँचलाई कडाइका साथ उम्मेदवार र मतदाताको सुरक्षा व्यवस्था समेत मिलाइएको बताए ।

# मतदातालाई प्रमुख आयुक्तको आह्वान

**काठमाडौँ**/प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मङ्सिर ४ गते आइतबार बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा भाग लिई आफ्नो मताधिकार प्रयोग गर्न मतदातालाई आह्वान गरेका छन् ।

आयोगमा शनिबार आयोजित पत्रकार सम्मेलनमार्फत् उनले संविधानले प्रत्याभूत गरेको जनताको प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन प्रणाली, जनतामा निहित सार्वभौमसत्ता, नागरिक स्वतन्त्रता, मौलिक हक, बालिग मताधिकार, आवधिक निर्वाचन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको जगमा हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ लाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन निर्वाचनको सम्पूर्ण तयारी पूरा भइसकेको बताए ।

उनले निर्वाचन, प्रतिनिधिमूलक शासन व्यवस्थाको आधारशीला भएको र आफूले रोजेको प्रतिनिधिमार्फत् शासन सञ्चालन गर्न पाउने जनताको अधिकारलाई निर्वाचनले वैधता र सुनिश्चितता प्रदान गर्ने भएकाले आफ्नो मतदान केन्द्रमा उपस्थित भइ निर्धक्क भएर मतदान गर्नु हुन आग्रह गरेका हुन् ।

प्रमुख आयुक्त थपलियाले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचन हुने दिनभन्दा ४८ घण्टा अगाडिबाट शुरू भएको प्रचारप्रसार निषेधको अवधिमा कानून पालनामा आयोगले विशेष सजगता अपनाएको बताए ।

आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि निर्वाचन अनुगमन टोली र मतदानकार्यमा खटिएका कर्मचारी एवम् सुरक्षाकर्मीबाट सूक्ष्म अनुगमन भइरहेको उनको भनाइ छ । यसका साथै विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट प्राप्त सूचनालाई पनि आयोगले जानकारीमा लिई आवश्यक निगरानी र नियमन गरिरहेको उनको भनाइ छ ।

आयोगले मतदानका दिन अत्यावश्यक सेवाको लागि सञ्चालन हुने तथा सञ्चारकर्मी, पर्यवेक्षक, अनुगमनकर्तालगायतका सवारी साधनलाई अनुमति लिनुपर्ने व्यवस्था गरेको छ ।

आयोगबाट स्वीकृत मापदण्डबमोजिम निर्वाचनको स्वच्छता र स्वतन्त्रतामा प्रतिकूल असर नपर्ने गरी यातायातको व्यवस्थित सञ्चालन तथा सवारी आवागमनको उपयुक्त प्रबन्ध मिलाउन सम्बन्धित प्रमुख जिल्ला अधिकारी तथा अन्य तोकिएका अधिकारीलाई निर्देशन दिइसकिएको छ ।

सरकारले आयोगको सिफारिससमेतका आधारमा यही मङ्सिर ४ र ५ गते देशभर सार्वजनिक बिदा दिने घोषणा गरेको छ । निजी तथा गैहसरकारी क्षेत्रमा आबद्ध जनशक्तिले पनि सहजतापूर्वक मतदानमा सहभागी हुन सकुन् भन्ने ध्येयले बिदाको आवश्यक प्रबन्ध मिलाउन नेपाल सरकारमार्फत् ती क्षेत्रलाई अनुरोध गरिसकिएको छ ।

मतदान कार्य सञ्चालन गर्न खटिएका मतदान अधिकृत र कर्मचारी अवरोध पुऱ्याउनेलाई कानून बमोजिमा कारबाही गर्नका लागि आवश्यक निर्देशन दिइएको उनको भनाइ छ ।

"मतदान केन्द्र कब्जा गर्न खोज्ने, मतदाताको बाटो वा गौडा छेक्ने, मतपत्र, मतपेटिका वा मतदान सामग्री खोस्न, लुट्न, नष्ट गर्न वा कब्जामा लिन खोज्नेलाई कानून अनुसार कारबाही हुन्छ," निर्देशनमा भनिएको छ, "वादविवाद, हुलहुज्जत वा असामान्य परिस्थिति सिर्जना गर्ने वा गराउन खोज्ने, मतपत्रको दुरूपयोग गर्ने, मतदानको अधिकारविना मतदान गर्ने, पटकपटक मतदान गर्न खोज्ने, मत सङ्केत सार्वजनिक गर्नेलाई कारबाही गर्न निर्देशन दिइएको छ ।"

प्रमुख आयुक्त थपलियाले नर्वाचनलाई कुनै पनि अवाञ्छित गतिविधिबाट प्रभावित हुन नदिई आस्था, विचार, सिद्धान्त र निष्ठाबाट निर्देशित एवम् परिचालित हुने वातावरण बनाउन दृढ सङ्कल्पित रहेकाले सबैको सकारात्मक सहयोग र इमान्दार प्रयत्न हुनेछ मा विश्वास व्यक्त गरे ।

"निर्वाचन व्यवस्थापनका लागि राजनीतिक दल, उम्मेदवार, मतदाता, नागरिक समाज आमसञ्चारलगायत सबै सरोकारवालाको सहयोग र सहभागिताले आयोगलाई आफ्नो भूमिका निर्वाह गर्न थप ऊर्जा, हौसला र प्रेरणा प्राप्त भएकोमा धन्यवाद दिँदै आयोग निरन्तर सहयोगको अपेक्षा गर्दछ", उनले भने ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : saptahiknavin@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np